नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशकः ५३२३०४९
निर्देशक प्रशासनः- ५३२५९८
निर्देशक योजनाः- ५३२६९८
क.प्र.शाखाः- ५३६६४९३
आ.प्र.शाखाः- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्याः- २०८३/०८४/१६/१ १२६
चलानी नं.:-९९३

बबरमहल, काठमाण्डौं
नेपाल ।

मितिः-२०८३/०४/०७

विषयः- सविकमा भोगाधिकारमा प्राप्त गरेको जग्गा लिजमा परिणत गर्ने सम्बन्धमा।

श्री भूमि प्रशासन कार्यालय,सबै ।

उपर्युक्त विषयमा यस विभागको च.न. ४८८३ मिति २०८३/०३/०२ को पत्र र सविकमा भोगाधिकारमा जग्गा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायहरुको विवरण प्राप्त भएकै हुनुपर्छ । मालपोत नियमावली, २०३६ (नवौं संशोधन, २०८३) को नियम २३झ१९. को उपनियम (१) मा सविकमा भोगाधिकारमा जग्गा प्राप्त गरेका व्यक्ति, संस्था वा निकायले यो नियम प्रारम्भ भएको मितिले (२०८३/०२/२८) छ महिनाभित्र हालसम्मको भोगाधिकार वापत तिर्नु बुझाउनु पर्ने कुनै रकम बाँकी भए त्यस्तो रकम दाखिला गरी उक्त जग्गा लिजमा परिणत गर्न कार्यालयमा निवेदन दिन सक्नेछ भन्ने व्यवस्था रहेको र सोही नियमको उपनियम (२) मा उपनियम (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर कार्यालयले आवश्यक जाँचबुझ गरी भोगाधिकारमा लिएका जग्गा यस नियमावली बमोजिमको प्रक्रिया पुरा गरी लिजमा परिणत गर्न आवश्यक कारवाही शुरु गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोले आ-आफ्नो कार्यालयको कार्यक्षेत्रभित्र सविकमा भोगाधिकारमा जग्गा प्राप्त गरेका व्यक्ति, संस्था वा निकायलाई मालपोत नियमावली २०३६ (नवौं संशोधन २०८३) को नियम २३झ१९. को उपनियम (१) मा भएको व्यवस्था अनुसार गर्ने विषयमा कार्यालयबाट सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई अविलम्व पत्राचार गरी सो को जानकारी यस विभागमा समेत पठाउनुहुनको साथै लिजमा परिणतको लागि कार्यालयमा प्राप्त हुन आएका निवेदन उपर आवश्यक जाँचबुझ गरी नियम २३झ५. देखि नियम २३झ९. सम्मको (आवश्यक भए नियम २३झ१०. समेत) प्रक्रिया पुरा गरी नियम २३झ८.बमोजिम गठित सिफारिस समितिबाट निर्णय गरी/गराई कार्यालयको राय (निर्णय) साथ पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ:-

श्री भूमि व्यवस्था,सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (जग्गा प्रशासन शाखा) सिंहदरवार, काठमाडौं ।

२०८३।४।७
(माधव प्रसाद बराल)
शाखा अधिकृत